नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागबाट भेपको अवैध ओसारपसार गरी राजस्व चुहावट गरेको कसूरका सम्बन्धमा अनुसन्धान सम्पन्न गरी प्रतिवादी घ्याचो गुरुङ्ग विरुद्ध उच्च अदालत पाटनमा अभियोग पत्र दायर गरिएको छ। राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी ऐ. ऐनको दफा ४ को खण्ड (क), (ख), (छ) र (झ) बमोजिमको कसूर गरेकोले निज प्रतिवादीलाई ऐ. ऐनको दफा २(छ१) बमोजिम विगो रू.४,६६,१२,०४६/- (चार करोड छैसठ्ठी लाख बाह्र हजार छयालीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बरामद गरिएका भेप जफत गरी बिगोको शत प्रतिशत जरिवाना हुन र दफा २३(१)(ख) बमोजिम कैद सजायको मागदावी समेत लिई उच्च अदालत पाटनमा मिति २०८१।११।०८ गते अभियोगपत्र दायर गरिएको छ ।

साथै सोही मुद्दामा भन्सार कार्यालय मुस्ताङ्गमा कार्यालय सहयोगी पदमा कार्यरत रही घ्याचो गुरुङ्गलाई उक्त कसुरमा सहयोग गर्ने प्रतिवादी टासी नुर्बु गुरुङ उपर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (३) बमोजिमको मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुन मागदावी लिइएको छ भने ढुवानीमा प्रयोग भएको ग १ ख ६९९९ नं.को ढुवानी साधन ऐ. ऐनको दफा ३३(१) बमोजिम जफत गर्ने मागदावी समेत लिइएको छ।

२०८१/११/०८
प्रवक्ता
उपमहानिर्देशक
कृष्ण कुमारी श्रेष्ठ

Scanned with CamScanner

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np